# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

वातावरण सफा राखौं ।
सरुवा रोगबाट वचौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

वर्ष-३ | अंक-१५ | २०७५ कार्तिक १४ गते बुधबार | 31 October 2018 Wednesday | मूल्य रू. १०/-

## मन लोभ्याउने भु-स्वर्ग त्रिवेणी पाटन

**मिसन न्यूज**

**कालिकोट-**कालिकोटमा रहेको त्रिवेणी पाटन पश्चिम नेपालकै स्वर्ग जस्तै सुन्दर मानिन्छ । मध्य तथा सुदुरपश्चिममा रहेका सयौं पाटनहरु मध्यकै स्वर्ग जस्तै मानिने त्रिवेणी पाटन हो । कालिकोटको सान्नी त्रिवेणी गाउँपालिका स्थित मुम्राको लेकाली क्षेत्रमा रहेको त्रिवेणी पाटनमा सयौं पर्यटकहरुको चहलपहल हुने गरेको छ । प्रायः सिजनअनुसार नै पर्यटकहरुको त्रिवेणी पाटनमा ओहोरदोहोर हुने गरेको पाइन्छ ।

नेपालको पुर्व मेचि देखि पश्चिम महाकाली सम्मका हजारौ थिर्तालु भक्तजनहरु त्रिवेणी पाटन भएर बडिमालीकाको दर्शन गर्छन् । कालिकोट र बाजुराको सिमा क्षेत्रमा रहेको बडिमालिका मन्दिरको दर्शन गर्न एक दिन एक रात त्रिवेण धाममा वास वसेर भक्तजनहरु जाने गरेका छन् । पाटनबाट तिन वटा मुहान फुटेर तिन वटा खोला बनेपछि तिन खोलाको संगम हुँदा यसको नाम त्रिवेणी राखिएको जानकारहरु बताउँछन् । कर्णालीका कालिकोट लगायतका सवै जिल्ला, सुदूरपश्चिम पहाडका बझाङ, बाजुरा, डोटी, वैतडी र अछामको संगमस्थलको रुपमा त्रिवेणी धामलाई लिन सकिन्छ । त्रिवेणी क्षेत्रमा पुग्नै गाह्रो छ तर पुगेपछि भने पर्यटकका मनहरु पनि रोमाञ्चित हुन्छन् । प्रकृतिका अनेक छटाले धार्मिक तथा पर्यटकीय क्षेत्र भनिए पनि त्रिवेणी अत्यान्तै दर्शनीय छ । त्रिवेणी पाटनको जुनसुकै भागमा उभिएर हेर्दा पनि मानिसले मनोहर प्रकृतिको विपुल छटाहरूले घेरिएको पाउँछ । विशाल( कन्चन बनाएको छ । त्रिवेणीले पश्चिम नेपालको धार्मिक-सांस्कृतिक आयाम निकै थपेको छ । विभिन्न प्रजातिका वनस्पति रहेका छन् । त्रिवेणी क्षेत्रमा एक सय भन्दा धेरै विभिन्न किसिमका फूल फुल्छन् र २ सय भन्दा धेरै किसिमका चराचुरुङ्गीहरु छन् सयौं खाले जडिबुटि पनि पाइन्छ । अपार पर्यटकीय सम्भावनासहितको त्रिवेणी



मुम्राको लेकाली क्षेत्रमा रहेको त्रिवेणी पाटन ।

विशाल गलैंचा ओछ्याइएका जस्तै लाग्ने ठूला-साना पाटनले घेरिएको त्रिवेण हेर्न आएका आगन्तुकको मननै लोभ्याउछ । त्रिवेणीको वरिपरि मिलाएर उमारिएका जस्ता लेकाली वन, पानीको कलकल र अलिपरतिर लस्करै उभिएका पाटनले त्रिवेणीलाई पृथ्वी-तलको स्वर्ग जस्तै पाटनको विकासमा सरकारको ध्यान भने पुगेको छैन । सिजनअनुसार मात्र पर्यटक पुग्ने हुनाले यो क्षेत्रमा बास र खानपिनको प्रबन्ध छैन । **संरक्षित क्षेत्र बन्दै त्रिवेणी** -त्रिवेणी पाटन मात्र नभइ त्रिवेणी धाम रहेको सान्नी त्रिवेणी

बाँकी ८ पृष्ठमा..

## पाँचसय शैयाको बनाउने प्रदेश सरकार को प्रतिवद्धता

**मिसन न्यूज**

**सुर्खेत-**सुर्खेतमा रहेको मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई कर्णाली प्रादेशीक अस्पतालमा रुपान्तरण गरिएको छ । कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले रुपान्तरण गएिको प्रादेशीक अस्पतालको मंगलबार उद्घाटन गरेका छन् । उद्घाटन समारोहमा बोल्दै मुख्यमन्त्री शाहीले प्रादेशीक अस्पतालाई पाँचसय शैयाको बनाउने प्रतिवद्धता जनाए । उनले कर्णाली भौगोलिक रुपमा विकट रहेकाले स्वास्थ्य सेवाबाट बञ्चित नागरिकलाई प्रभावकारी सेवा पु्याउन स्थानीय तहमा अस्पताल सञ्चालन गर्ने अवधारणा सरकारले अघि सारेको पनि बताए । ग्रामिण क्षेत्रमा बस्ने नागरिकहरुलाई शुरुमा आवश्यक पर्ने प्राथमिक स्वास्थ्य सेवा पु्याउन आफूहरु लागि परेको उनको भनाई छ । प्रादेशीक अस्पतालले झेल्नु परेको समस्याहरुलाई निराकण गर्न सरकार गम्भीर रहेको मुख्यमन्त्री शाहीले उल्लेख गरे । उनले अस्पतालमा प्रवेश गर्ने कर्मचारीले राजनीतिभन्दा सेवाभाव बोकेर जनतालाई प्रभावकारी सेवा दिन निर्देशन दिए ।

बाँकी ५ पृष्ठमा..

## फोन गर्न अग्ला डाँडा खोज्दै

**विश्वनाथ सिम्खाडा**

**कालिकोट -** जिल्लाका धेरैजसो ग्रामीण भेगका नागरिकले सहज रूपमा अझैसम्म पनि टेलिफोन सेवा उपभोग गर्न पाएका छैनन् । टेलिफोन वा मोबाइल प्रयोग गर्नुपरेमा उपभोक्ताहरू डाँडा खोज्न बाध्य छन् । जिल्लाको तिलागुफा नगरपालिका तथा नरहरिनाथ, पचालझरना, पलाता र महावै गाउँपालिकामा यो समस्या अझै बढी छ । फोन गर्नुपऱ्यो भने कि त सदरमुकाम नत्र अग्लै डाँडामा जानुपर्ने बाध्यता रहेको तिलागुफा छाब्रेकी तुलसा शाहीले बताइन् । उनले भनिन्, ‘अन्य



गाउँ तथा नगरपालिकाका केही वडाको हालत पनि यस्तै छ ।’ कसैलाई फोन सम्पर्क गर्दा वा इमेल इन्टरनेटको सेवा लिनुपरे सदरमुकाम नै पुग्नुपर्ने बाध्यता रहेको सो भेगका जनप्रतिनिधिले समेत गुनासो गरेका छन् । तिलागुफा नगरपालिकाका नगरप्रमुख रतनबहादुर शाहीले कालिकोटका अधिकांश ग्रामीण भेगका नागरिक अझैसम्म पनि फोन सेवाबाट वञ्चित रहेको बताए । उनले आफ्नो नगरपालिकाका १ र ८ वडामा अझैसम्म टेलिफोन सेवाले काम गर्न नसकेको गुनासो गरे । टेलिफोन सेवा सहज उपलब्ध गराउन तिहारपछि संघीय सरकारसमक्ष माग राख्ने उनले बताए । यस्तै, पचालझरना गाँउपालिका-४ खादुका तुलाराज कठायतले फोनले काम नगर्दा नेटवर्क खोज्दै अग्लो डाँडामा जाने गरेको बताए । उनले भने, ‘कालिकोटमा बढी नै चल्ने फोन नेपाल टेलिकमको हो ।’ सो भेगमा घाम लागे फोन सेवा चल्ने र घाम अस्ताएपछि फोन सेवाले

बाँकी ७ पृष्ठमा..

# संघीयता बुझाइको समस्या

प्रदीप नेपाल

सामाजिक परिवर्तन बाहिरबाट कसैले ल्याएर थोपरिदिने होइन । त्यसरी थोपरिदिनेले नेपाल चिन्दैन । नेपालका जनतालाई त्यो परिवर्तनप्रति रौँ बराबरको चासो हुँदैन । यसो भनेर मैले २०३७ सालको जनमनतसंग्रह, २०४७ सालको बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको विरोध, २०६३ सालको संघीय लोकतान्त्रिक गणतन्त्रको विरोध गरेको होइन । विरोध हो । नेपाली राजनीतिप्रति जनताको चासोविहीनताको । संघीयता आइसकेपछि कसरी सिंहदरबार नै बलियो हुन्छ ? प्रदेश सरकारले कसरी मनपरी निर्णय गर्न पाउँछ ? नयाँ निर्णयमा जान अनिवार्यतः जनमतसंग्रह हुनुपर्छ । संघीयता सरकारी तलब खानेको प्रणाली होइन । संघीयता सेतो नंबर प्लेटको गाडीमा गुड्दैन । तपाईं विकास निर्माणको संपूर्ण जिम्मा स्थानीय तहलाई दिन सक्नुहुन्न भने तपाईं संघीयताविरोधी हो । म जहाँ बसेको छु, त्यो काठमाडौं हो तर महानगर होइन । पहिले यही क्षेत्रबाट प्रतिनिधिसभा सदस्यको प्रतिनिधित्व गरेको थिएँ मैले । सडक, विद्यालय, चौकी आदिको विषय बोकेर सिंहदरबार धाउनुपर्ने सदस्यको प्रतिनिधित्व गरेको थिएँ मैले । सडक, विद्यालय, चौकी आदिको विषय बोकेर मैले सिंहदरबार धाउनुपर्थ्यो । काम हुँदैनथ्यो फिटिक्कै । अहिले म सामान्य नागरिक भएको छु । केही अप्ठेरो पर्दयो कि म वडा कार्यालयमा जान्छु र समस्या पोख्छु । गच्छेअनुसार उनीहरूले काम गरिदिन्छन् । त्यो मेरोअनुसार नहोला तर केही न केही त भएकै हुन्छ । नेपालका शक्तिशाली नेतालाई यस्तो व्यवहार पच्दो रहेनछ । आफू ठूलो, स्थानीय सत्ता सानो हुँदोरहेछ उनीहरूका लागि । 'वडा अध्यक्षको अघिल्तिर हात पसार्न जाऊँ म अब' भनेर गर्जने माननीयलाई संभन्नुभएकै होला सबैले । उहाँले वडा अध्यक्षलाई नमस्कार गर्नुपर्छ । संघीयताको ज्ञान उहाँसँग हुने भए । माननीय हो, नबुभी संघीयता ल्याउनुभएछ । ल्याइसकेपछि त्यसलाई फिर्ता गर्न मिल्दैन किनभने संघीय सांसदको त्यति ठूलो अधिकार छैन । तपाईंहरू जनतालाई कति ढाँट्नु हुन्छ ? स्थानीय तह सानो, हामी ठूलो भन्ने सोच राख्नुभयो भने विस्तार विस्तार तपाईंहरू 'डस्टबिन'को माल हुनुहुन्छ । सातै प्रदेशका मुख्यमन्त्रीहरूले गुनासो गरे रे ! राम्रो कुरो । पहिले गुनासो, त्यसपछि माग, त्यसपछि प्राप्ति । तर तपाईंहरूले के पनि बुझ्नुपर्छ भने तपाईंहरू सम्प्रभु होइन प्रदेशको । संप्रभु हुन् जनता र जनतासँग सिधै टाँसिएको स्थानीय सरकार । संघीयतामा स्थानीय सरकारभन्दा शक्तिशाली कोही हुँदैन । संघीयताको यो अन्तिम सत्यलाई नेपालको मध्यमवर्गीय बुद्धिजीवीले बुझ्नुपर्छ किनभने केन्द्रीय सरकार उनीहरूको लालन पालनमा चलिरहन्छ सधैंभरि । उदाहरण चाहिन्छ भने स्वयम् नेपाल पर्याप्त छ । राणा शासनमा जुन वर्ग शक्तिशाली थियो, पंचायतमा पनि त्यसैले राज गर्‍यो । पंचायतमा जसले राज गरेको थियो, बहुदलीय प्रजातन्त्र र संवैधानिक राजनीतिमा पनि त्यही वर्गको राज रह्यो । हुँदाहुँदा संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि त्यही वर्गको राज रह्यो । त्यो वर्ग हो, सकारात्मक राजनीतिलाई चिन्न र सम्हाल्न नसक्ने औसरवादी मध्यमवर्गीय बुद्धिजीवी । अहिले त्यही वर्ग संघीय लोकतान्त्रिक गणतन्त्रको खारेजीका लागि सक्रिय भएको छ । त्यो नेपालका सबै पार्टीमा छिरेको छ । कतै त्यो नेता भएको छ, कतै त्यो अस्तित्व जोगाउन षड्यन्त्रपूर्ण कोसिस गरिरहेको छ । मान्छेहरूको ध्यान ठूला कामतिर नजाओस् भनेर त्यो राष्ट्रपतिको टीका प्रदानलाई राजनीतिको अहम् मुद्दा बनाइरहेको छ । राष्ट्रपति मन्दिर गइन् भने पनि त्यो हल्ला मच्चाउँछ । गइनन् भने पनि त्यसले बसी खान दिँदैन । अब त्यसलाई फेरि परुंचायत चाहिएको छ । राजतन्त्रसहितको हिन्दु राष्ट्र । एउटै कम्युनिस्ट पार्टी बनाउनुहोस् भनेर प्रचण्डलाई अनुरोध गर्ने एमाले को थिए ? एक जना हुनुहुन्थ्यो मोदनाथ प्रश्रित र अर्को यही प्रदीप नेपाल। तर हामीले कहिल्यै पार्टी एकताको जस खोजेनौं । स्वयम् प्रचण्डले 'तपाईंहरूको सल्लाह मेरो तर्फबाट पूरा गरें है' भनेर हामीलाई जस दिनुभएको थियो । तर दुःख लाग्छ मलाई आफूलाई प्रजातान्त्रिक समाजवादी अथवा समाजवादी प्रजातन्त्रवादी भन्नेहरूको निस्क्रियता हेर्दा । समय पछाडि फर्किंदैन भन्दिनँ म। कतिपय ठाउँमा त्यो पछाडि फर्किएको छ । नेपालमा फर्किंदैन कि भन्ने आश पलाउनुको कारण छ । किनभने पंचायतले भाँचेका खुट्टाहरू घिच्याउँदै बाँचेका नेपालीहरू अझै छन् । गोलीको आँखा हुँदैन भन्ने आदेश पालन गर्नेको रगत अझै पनि रातै छ । आधाजसो स्थानीय सरकारहरूले सफलतापूर्वक शासन चलाइरहेका छन् । बाँकीहरू पनि सिक्दै छन् । 'अदालत जाने मुद्दा घटे कति सुन्दर निष्कर्ष ! सबै क्षेत्रमा स्थानीय सरकारले यस्तै सफलता पाओस्। यसका लागि सबैभन्दा बढी जागरुक हुनुपर्ने हो । राजनीतिक पार्टीका कार्यकर्ताहरूले । अब शेरबहादुर वा रामचन्द्रबाट आश नगरून् नेपाली कांग्रेसका कार्यकर्ता हरूले त्यस्तै, झलनाथ र वामदेवबाट पनि आश नगरून् नेकपाका कार्यकर्ताहरूले यी नामहरूले खाली उनीहरूको मात्र प्रतिनिधित्व गर्दैनन्, यिनले एउटा असफल पुस्ताको प्रतिनिधित्व गर्छन् । हिजो पंचायती निरंकुशतन्त्र फाल्ने काममा यिनीहरूको नेतृत्व रह्यो र यिनले एउटा युग परिवर्तनको नेतृत्व गरे । तर संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको कालमा यिनीहरू थाके ।

## साताको भाग्यफल

**मेष** : परिस्थितिवश चिताएको काम रोकिन सक्छ । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् ।

**वृष** : हतारको निर्णयले समस्या निम्त्याउन सक्छ । आत्मसम्मानका लागि मौन र हनु बेस होला । बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ ।

**मिथुन** : नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ ।

**कर्कट** : छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला ।

**सिंह** : परिश्रमको फल प्राप्त हुनुका साथै आयआर्जनका स्रोत बढ्नेछन् । व्यापार तथा साझेदारीमा मनग्गे लाभ हुनेछ ।

**कन्या** : पुराना कामको चर्चा हुनेछ भने मिहिनेत गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ । तर, अरूका काममा समय खर्चनुपर्दा पछि परिनेछ ।

**तुला** : केही समय लागे पनि विभिन्न काम र जिम्मेवारी हात पार्ने मौका छ । लगनशीलताले अवसर दिलाउन सक्छ ।

**वृश्चिक**: काम गर्ने परिस्थिति अनुकूल नदेखिए पनि शुभचिन्तकहरूको साथले जिम्मेवारी प्राप्त हुन सक्छ । मिहिनेत गर्दा लगानी उठाउन सकिनेछ ।

**धनु** : मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । रमाइलो क्षणमा पनि मन उदास रहनेछ ।

**मकर**: अवसर आए पनि वैधानिक प्रावधानले लक्ष्यमा पुग्न अप्ठ्यारो पार्नेछ । आफ्नै सहयोगीहरू प्रतिस्पर्धामा उत्रिने समय रहेकाले सजग रहनुहोला ।

**कुम्भ** : अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । हतारका काममा ढिलासुस्ती हुन सक्छ ।

**मीन** : अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । बेसुरमा वचन दिनाले दुःख पाइनेछ ।


हार्दिक शुभकामना

बालविवाह अन्त्य गरौं ।

सभ्य समाज निर्माण गरौं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

किर्डाक नेपाल, कालिकोट

भिडिसेफ नेपाल, कालिकोट

सहास नेपाल, कालिकोट

# 'समुदाय–प्रहरी साझेदारी'अभियान

मिसन न्यूज

**कालिकोट**-नेपाल प्रहरीले समुदाय सँगको सहकार्यमा शान्तिसुरक्षा प्रभावकारी बनाउन समुदाय प्रहरी साझेदारी अभियान सुरु गरेको छ । प्रहरीले देशभरसगै कालिकोटमा पनि यो कार्यक्रम सुरु गरेको हो । कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहसँग सहकार्य गरेर अगाडि बढाउने योजनासमेत ल्याएको छ । कार्यक्रमको प्रस्तावसहित सबै प्रक्रिया, समुदाय प्रहरी समितिको काम कर्तव्य र जिम्मेवारी, कार्यक्षेत्र, समुदाय केन्द्रित कार्यक्रमका प्रमुख प्राथमिकता र गतिविधि, विद्यालय केन्द्रित कार्यक्रमलगायतका विषय समेटिएका छन् । त्यसअवसरमा जिल्ला समन्वय समितिका प्रमुख अनिपाल शाही, खाँडाचक्र नगरपालिका उपमेयर विजया बिष्ट, प्रमुख जिल्ला अधिकारी चन्द्रबहादुर कार्कीलगायतको उपस्थिति थियो ।



स्थानीय तहमा कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौता गरिएको छ । कार्यक्रमको जिल्ला सदरमुकाम मान्ममा जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रमुख, प्रहरी नायव उपरीक्षक विनोद शर्माले समझदारीपत्र प्रस्तुत गर्दै प्रहरी शासक नभइ जनताको सेवक हुने बताए । समझदारीपत्रमा स्थानीय तह र प्रहरीबीच साझेदारी निर्माणको नागरिकसँगको सम्बन्ध सुधार गर्न नेपाल प्रहरीले देशव्यापी रुपमा नयाँ अभियान सुरु गर्दैछ । 'हर प्रहर, गाउँ र नगरी, टोल टोलमा नेपाल प्रहरी' भन्ने मूल नाराका साथसामुदायिक प्रहरीको अवधारणालाई परिस्कृत गरी 'समुदाय(प्रहरी साझेदारी' नामक नयाँ अभियान सुरु गर्न लागिएको हो । अभियान केन्द्रदेखि स्थानीय तह

बाँकी ५ पृष्ठमा..

# कालिकोट अब स्याउ क्षेत्र

मिसन न्यूज

**कालिकोट -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना व्यवस्थापन इकाइले रास्कोट नगरपालिकाको सिप्टीलाई स्याउको जोन बनाउने भएको छ । नगरका ९ वटै वडामा स्याउको जोन कार्यक्रम लागू भएको नगरका ३ हजार घरधुरी प्रत्येकले सय स्याउका बिरुवा अनिवार्य रोप्नुपर्ने अभियान सञ्चालन गर्दै छौं ।' नगरपालिकाका करिब सय घरधुरीले सिप्टीमा स्याउ खेती गर्दै आएका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले पहिलो वर्ष एक करोड



रास्कोट नगरपालिका प्रमुख काशीचन्द्र बरालले जानकारी दिए । बरालका अनुसार स्याउको बजार व्यवस्थापन र भण्डारण गर्ने लक्ष्यसहित यो कार्यक्रम लागू गरिएको हो । कात्तिकमै रास्सकोट नगरपालिकामा कार्यालय स्थापना हुने उनले बताए । रास्कोट नगरपालिका को लेकाली क्षेत्र सिप्टीमा निकै राम्रो स्याउ उत्पादन हुँदै आएको छ । उत्पादन बढाउनुका साथै किसानलाई आत्मनिर्भर बनाउन स्याउ जोन कार्यक्रम लागू गरिएको हो । उनले भने, 'रास्कोट नगरले पहिलो चरणमा बजेट विनियोजन गरेको छ । कालिकोटका बजारमा रुपडियाबाट स्याउ आयात हुँदै आएको छ । रास्कोट नगरपालिकाको सिप्टीमा ५ सय हेक्टर जमिनमा किसानले स्याउखेती गर्दै आएको जिल्ला कृषि विकास कार्यालयका बागबानी विकास अधिकृत भक्तिराम शर्माले जानकारी दिए । उनका अनुसार अझै हजार हेक्टर स्याउखेती हुने जमिन खाली छ । सिप्टीमा यातायात सुविधा नहुँदा स्थानीयले उत्पादन गरेको स्याउ बजारीकरणका लागि समस्या हुँदै आएको उनले बताए । अन्नपुर्णबाट

**सम्पुर्णमा हाम्रो अनुरोध**

**जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।**

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

पलाँता गाउँपालिका
कालिकोट

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावर ण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
कालिकोट

## हार्दिक शुभकामना

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोग को लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

*नन्दबहादुर सिंह* (प्रमुख)
*मनराज शाही* (उपप्रमुख)

**महावै गाउँपालीका कालिकोट**

**वडा अध्यक्ष**

मनराज शाही वडा नं. १
गौकला सिंह वडा नं. २
दानकला सिंह वडा नं. ३
विविशरण शाही वडा नं. ४
धर्मराज शाही वडा नं. ५
रविन्द्रबहादुर शाही वडा नं. ६
सिंहबहादुर शाही वडा नं. ७

## हार्दिक शुभकामना

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं ।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*खड्क सेजुवाल* (प्रमुख)
*तारा न्यौपाने* (उपप्रमुख)

**पचालझरना गाउँपालीका कालिकोट**

**वडा अध्यक्ष**

रन्तलाल न्यौपाने वडा नं.१
करबिरे बि.क. वडा नं. २
लोगजंग कठायत वडा नं.३
अनरुप रोकाया वडा नं.४
देउमले नेपाली वडा नं.५
बनपती बुढा वडा नं. ६
सर्पसिं बोहोरा वडा नं.७
डम्बरे कामी वडा नं. ८
जोरे तिरुवा वडा नं. ९

## हार्दिक शुभकामना

चर्पीको प्रयोग गरौं । पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार देखाऔ । सावुनपानीले हातधुने बानी वसालौं । सफा घर आगन राखौं ।

**हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**डिभिजन खानेपानी कार्यालय, कालिकोट**

कर्णाली प्रदेश

## हार्दिक शुभकामना

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नुपर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*अनिपाल शाही* (प्रमुख)
*लक्ष्मी बिष्ट (परियार)* (उपप्रमुख)

**एवं जिल्ला समन्वय समिति परिवार कालिकोट**

## हार्दिक शुभकामना

**एक घर एक करेसावारीको स्थापना गरौं ।**
**स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥**

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**कृषि ज्ञान केन्द्र**

**परिवार कालिकोट**

**पाँचसय शैयाको बनाउने.....**

कार्यक्रममा सामाजिक विकास मन्त्री दल रावल, आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाले प्रदेशका नागरिकहरुलाई प्रभावकारी सेवा दिन प्रदेश सरकारले आवश्यक संरचना र दक्षजनशक्ती थप गर्ने प्रतिवद्धता जनाए । उनीहरुले अस्पतालले झेल्नु परेका समस्याहरुलाई निराकण गर्न सरकार कटिवद्ध रहेको उल्लेख गरे । प्रादेशीक अस्पतालका प्रमुख डा. डम्बर खड्काले अस्पतालले कयौं समस्या झेलेपनि यहाँका नागरिकलाई प्रभावकारी सेवा दिन आफूहरु कटिवद्ध रहेको उल्लेख गरे । पूर्वाधार विनै २०६२ सालमा ५० शैयाको जिल्ला अस्पताललाई क्षेत्रीय अस्पतालको रुपमा विकास गरिएको हो ।

**समुदाय–प्रहरी.................**

र विद्यालयसम्म एकैपटक सञ्चालन हुन लागेको हो । शान्ति र स्थायित्वका लागि विभिन्न निकायसँगको समन्वयमा कार्यक्रम शुरु गर्न लागिएको प्रहरीले जनाएको छ । यसअघि पनि प्रहरीले ‘प्रहरी मेरो साथी’, ‘मुस्कान सहितको प्रहरी सेवा’ लगायत कार्यक्रम ल्याएपनि प्रभावकारी हुन सकेको थिएन ।


# हार्दिक शुभकामना

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*खडानन्द चौलागाई*
*(अध्यक्ष)*

*पम्फादेवी शाही*
*(उपाध्यक्ष)*

## शुभकालिका गाउँपालीका कालिकोट

### वडा अध्यक्ष

*विरबहादुर बुढा मगर वडा नं. १*
*केशनबहादुर शाही वडा नं. ५*
*मानबहादुर शाही वडा नं. २*
*कर्णबहादुर केसी वडा नं. ६*
*धनराज शाही वडा नं. ३*
*जनकबहादुर शाही वडा नं. ७*
*रामबहादुर शाही वडा नं. ४*
*दीपक महतारा वडा नं. ८*



# हार्दिक शुभकामना

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*लक्ष्मण बम*
*(प्रमुख)*

*दाना न्यौपाने*
*(उपप्रमुख)*

## पलाता गाउँपालीका कालिकोट

### वडा अध्यक्ष

*मानबहादुर भण्डारी वडा नं. १*
*वृद्धि कामी वडा नं. २*
*कर्णबहादुर रोकाया वडा नं. ३*
*ऐनराज महतारा वडा नं. ४*
*विरबहादुर बम वडा नं. ५*
*रुपबहादुर रोकाया वडा नं. ६*
*बर्जबहादुर बम वडा नं. ७*
*पटक बम वडा नं. ८*

## पर्यटकको पर्खाइमा रामारोशन

मिसन न्यूज

**कालिकोट -** रामारोशन गाउँपालिका-६ स्थित पर्यटकीय लेकमा रहेको रामारोशन ताल 'बाह्र बण्ड, अठार खण्ड'का नामले पनि चिनिन्छ। बाह्र बण्ड भनेको यहाँका



१२ वटाताललाई जनाउँछ भने अठार खण्ड भनेको यहाँ रहेका १८ वटा चौरलाई जनाउँछ । प्राकृतिक रुपमा रमणीय रामारोशन ताल क्षेत्रमा १२ प्रकारका लालीगुराँस र डाँफे पाइन्छ। रामारोशन क्षेत्रमा रहेका १२ वटा तालमध्ये जिगाले ताल सबैभन्दा ठूलो ताल हो। जसको आकार अंग्रेजी अक्षर 'सि' जस्तो रहेको छ। यस ताल बाटुले तालभन्दा माथि छ। सबैभन्दा सानो तालमा ताउने ताल हो। यो हाल पुरिँदै गएकाले संकटमा छ। पर्यटकीय क्षेत्रका रुपमा सम्भावना बोकेको रामारोशन ताल प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ। त्यसैले प्रकृतिले सिँगारेको रामारोसन तालमा नगन्य पर्यटक आउने गरेको स्थानीयहरु बताउँछन्। पछिल्लो समय ताललाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न गाउँपालिकाले काम सुरु गरेको रामासोसन गाउँपालिका-६ का वडाध्यक्ष लक्ष्मण परियारले बताए। 'तालबारे धेरैलाई जानकारी नै भएन,' उनले भने, 'हामीले प्रचारप्रसार थालेका

बाँकी ७ पृष्ठमा..


# हार्दिक शुभकामना

समयमै व्यक्तिगत घटना दर्ता गरौं । राज्यको निकायमा आफ्नो पहुँच बढाऔं ।

एक घर एक चर्पी कालिकोटको शान । पुर्ण सरसफाई युक्त जिल्ला हाम्रो अभियान ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारी लगायत सम्पूर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रत्नबहादुर शाही (मेयर)

दन्ता नेपाली(दर्शना) (उपमेयर)

तिलागुफा नगरपालिका कालिकोट

वडा अध्यक्ष

दलबहादुर कटुवाल वडा नं. १
दलसुर बोहोरा वडा नं. २
सुर्यबहादुर शाही वडा नं. ३
खड्कराज शाही वडा नं. ४
टिकाराम न्यौपाने वडा नं. ५
धर्मराज शाही वडा नं. ६
नेत्रबहादुर शाही वडा नं. ७
तिलक न्यौपाने वडा नं. ८
नरेन्द्रबहादुर रोकाया वडा नं. ९
मनबहादुर थापा वडा नं. १०
रघुविर शाही वडा नं. ११



# हार्दिक शुभकामना

व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न, कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल, जनप्रतिनिधि, सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कासीचन्द्र बराल (मेयर)

मिमसरा शाही (उशा) (उपमेयर)

रास्कोट नगरपालिका कालिकोट

वडा अध्यक्ष

नमराज संज्याल वडा नं. १
दयाराम सिम्खाडा वडा नं. २
देउसिंगे कुमाल वडा नं. ३
विनोदकुमार शाही वडा नं. ४
नरजंग शाही वडा नं. ५
टक्क फर्साल वडा नं. ६
अदलसिंह महतारा वडा नं. ७
कृष्णप्रसाद धमाला वडा नं. ८
डबल बोगटी वडा नं. ९

## फोन गर्न अग्ला डाँडा..

काम गर्नै छाड्ने गरेको नरहरिनाथ गाउँपालिकावासीले गुनासो गरेका छन् । विगतदेखि नै यो समस्या स्थानीयवासीले झेल्दै आएको गुनासो गरेका छन्। गाउँपालिकाले टेलिकमको टावरमा ब्याट्री थपे पनि टेलिफोन सेवा प्रभावकारी नभएको उनले बताए । नरहरिनाथ गाउँपालिकाका अध्यक्ष धीरबहादुर विष्टका अनुसार गाउँपालिकाले केही समयअघि टेलिफोन सेवाले काम गर्न छाडेपछि गाउँपालिकाले नै टेलिफोन टावरमा ब्याट्री थपेपछि केही राहत मिलेको छ । 'केही समयअघि फोन गर्न अग्ला डाँडा र सदरमुकाम नै जानुपर्थ्यो, अब केही सुधार भएको छ,'उनले भने ।

## पर्यटकको पर्खाइमा..........

छौं । केही पर्यटक आउन थालेका छन्।' कालिकोटको नजिकै पर्ने भएकाले रामारोशन क्षेत्रको विकास लागि कालिकोटको नरहरिनाथ गाउँपालिका, सान्नी त्रिवेणी गाउँपालिका र अछामको रामारोसन गाउँपालिकाले संयुक्त रुपमा रामारोसन क्षेत्रको विकास गुरुयोजना तयार पार्न लागेको सान्नी त्रिवेणी गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर शाहीले बताए ।


# हार्दिक शुभकामना

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल,जनप्रतिनिधि,सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**धिरबहादुर बिष्ट** (अध्यक्ष)

**मनसोभा बुढा** (उपाध्यक्ष)

**नरहरीनाथ गाउँपालीका कालिकोट**

**वडा अध्यक्ष**

पृथी बिष्ट वडा नं. १
प्रेम दमाई वडा नं. २
टक्क बिष्ट वडा नं. ३
नरबहादुर बोगटी वडा नं. ४
गगन फडेरा वडा नं. ५
तुलाराम बि.क. वडा नं. ६
दलबहादुर बि.क. वडा नं. ७
लोग बिष्ट वडा नं. ८
जोरासिंह शाही वडा नं. ९



# हार्दिक शुभकामना

ॐ

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**किसान माईक्रोफाइनान्स, कालिकोट**

**हिमचुली कृषि सहकारी संस्था लि., कालिकोट**



# हार्दिक शुभकामना

'घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं'
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं'

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जिल्ला स्वास्थ्य कार्यालय कालिकोट**



# हार्दिक शुभकामना

**वचत गर्ने वानी वसालौं ।**

**जिवन स्तर उकासौं ।**

हिन्दुहरुको महान चाड विजया दसैं तथा दिपावली २०७५ को शुभ अवसरमा राजनितिक दल, जनप्रतिनिधि सुरक्षाकर्मी, संचारकर्मी, कर्मचारीलगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**राष्ट्रिय वाणिज्य बैंक, कालिकोट**

**एन.आई.सि.एशिया बैंक लि., कालिकोट**

**सानिमा बैंक, सान्नी त्रिवेणी, कालिकोट**

**मेगा वैंक नेपाल लिमिटेड, कालिकोट**

**ग्लोबल आइएमई बैंक, कालिकोट**

**कृषि विकास बैंक, कालिकोट**

## मन लोभ्याउने भु–स्वर्ग....

गाउँपालिका अध्यक्ष डम्वरबहादुर शाही (डिवि) ले बताए । उनले भने, यस क्षेत्रलाइ आगामी दिनमा संरक्षित क्षेत्रको रुपमा घोषणा गर्ने तयारी छ । सान्नी त्रिवेणी मात्र नभइ देशकै ठुलो सम्पतीको रुपमा लिन सकिने अध्यक्ष शाहीले बताए। यस क्षेत्रमा कस्तुरी, बाघ, घोरल जस्ता बन्यजन्तु र दुर्लव पंक्षि रहेका छन् । पछिल्लो समय मध्य तथा सुदूरपश्चिमका व्यवसायीहरूले यहाँको विकासका लागि व्यक्तिगत र संस्थागत प्रयास थालेका उद्योग बाणिज्य संघ कालिकोट महासचिव तिलबहादुर शाहीले बताए। त्रिवेणी जाने चलनचल्तीको बाटो कालिकोटको सदरमुकाम मान्म हुँदै मुम्रा भएर जान्छ । विमान वा बसबाट बाजुरा,लगाएतका अन्य जिल्ला भएर पनि जान सकिन्छ। मान्मबाट बिहानै पैदल हिंड्दा एक दिनमा मुम्राको मालिक वन पुगिन्छ। त्यस्तै दोस्रो दिनमा त्रिवेणी पुगिन्छ । मालिक वन देखि बिहानीको शीतलमा ठाडो उकालो वाटो भएर बिचविचमा पानी र खानपिन गरेर मध्प दिउसो तिर त्रिवेणी पुगिन्छ। असोजमा त्रिवेणी पुग्नेहरूले पाटनहरूमा बादल तथा कुहिरो नलाग्ने र मौसम सफा रहने भएकाले रहर मज्जाले पूरा गर्न सक्छन।


# हार्दिक शुभकामना

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७४ को शुभ अवसरमा राजनितिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण दाजुभाइ तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डम्वरबहादुर शाही (दिलिप) (अध्यक्ष)
होइजालीकुमारी बुढा (उपाध्यक्ष)

सान्नी त्रिवेणी गाउँपालिका कालिकोट

वडा अध्यक्ष

भरतकुमार बि.क वडा नं. १
विरजित बटाला वडा नं. २
कृष्णप्रसाद देवकोटा वडा नं.३
अनिपाल धामी वडा नं. ४
नरेश बम वडा नं. ५
रंगराज सार्की वडा नं. ६
मणीप्रसाद सिम्खाडा वडा नं. ७
जनकराज खत्री वडा नं. ८
दुर्गा केसी वडा नं. ९



# हार्दिक शुभकामना

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ जीवन जिउने आधार हो।

हिन्दुहरुको महान चाड विजया दसैं तथा शुभ दिपावली २०७५ को शुभ अवसरमा राजनीतिक दल,जनप्रतिनिधि, सुरक्षाकर्मी,संचारकर्मी,कर्मचारी लगायत सम्पुर्ण दाजुभाई तथा दिदिबहिनीहरुमा सुख शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जसीप्रसाद पाण्डे (मेयर)
विजया बिष्ट (उपमेयर)

खाँडाचक्र नगरपालिका कालिकोट

वडा अध्यक्ष

गणेशबहादुर शाही वडा नं. १
विर्खसिंह वि.क. वडा नं. २
महादेव पाण्डे वडा नं. ३
धनसिंगे कामी वडा नं. ४
खडानन्द चौलागाई वडा नं. ५
जगदिश शाही वडा नं. ६
रजबहादुर मल्ल वडा नं. ७
आदीचन्द चौलागाई वडा नं. ८
गोविन्दबहादुर मल्ल वडा नं. ९
डिलबहादुर शाही वडा नं. १०
पुष्पराज गीरी वडा नं. ११


बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly राष्ट्रिय साप्ताहिक
www.missionenews.com
सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज संज्याल, कार्यालय : खाँडाचक्र न.पा.–१ कालिकोट , फोन नं. – ०८७–४४०२४२, ९८४८०४९४५५,९८६८३१५३५३ , इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com मुद्रण: ईश्वर अफ्सेट प्रेस खाँडाचक्र–१, कालिकोट